सरकारले नदेखेको, स्थानीयले संरक्षण गरेको पालुङको इन्द्रजात्रा मनाइयो। पृष्ठ ५ मा

विकास खबरपत्रिका राष्ट्रिय साप्ताहिक

कार्यालय:
थाहा नगरपालिका-८
मकवानपुर
सम्पर्क नं.
९८०७१५३३००
इमेल:
bikaskhabar@gmail.com

प्रेस काउन्सिलबाट 'क' वर्गको मान्यता प्राप्त

# विकास

www.bikaskhabar.com
खबरपत्रिका साप्ताहिक



● मकवानपुर, वर्ष-१५, ● अंक-०९ ● २०७९ भाद्र २७ गते सोमबार, ● 12 Sep. 2022, ● नेपाल सम्वत्-११४२, ● पृष्ठ-६, ● मूल्य रु. १०/-

## लिजाको गुणस्तर परीक्षणमा थाहानगर जिल्लामै उत्कृष्ट

◆ विकास संवाददाता

स्थानीय तह संस्थागत क्षमता स्वमुल्याङ्कन (लिजा)मा थाहा नगर पालिका मकवानपुरमै उत्कृष्ट भएको छ। संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयले आर्थिक वर्ष २०७७/०७८ को १९ भाद्रमा गुणस्तर परीक्षण पश्चात सार्वजनिक गरेको नतिजामा थाहानगर ७७ अंकसहित जिल्लामै उत्कृष्ट घोषित भएको हो ।

मन्त्रालयले १९ भाद्रमा सूचना प्रकाशित गरी गुणस्तर परीक्षण पश्चात्को अंकसहितको नतिजामा चित्त नबुझेमा ३ दिनभित्र आधार र प्रमाणसहित प्रतिक्रिया दिन भनेको छ । गुणस्तर परीक्षण पश्चात्को प्राप्त अंकको आधारमा मकवानपुरमा ६२ अंकसहित इन्द्रसरोवर गाउँपालिका द्वितीय भएको छ भने ५७.५ अंकसहित तेस्रो भएको छ ।

त्यस्तै मकवानपुरगढीले ५६.२५ अंक



प्राप्त गरेको छ भने बकैयाले ५६, मनहरी ५३.५, राक्सिराङ ५२, भीमफेदी ४७.५, कैलाश ३९.७५ र बागमती गाउँपालिकाले गुणस्तर परीक्षण पश्चात् ३७ अंक पाएको छ ।

स्थानीय तह संस्थागत क्षमता स्वमुल्याङ्कन कार्यविधि, २०७७ बमोजिम पालिकाहरूको वर्षेनी मुलयाङ्कन हुने गर्दछ ।

## मंगलदिपको कारोबार ३१ करोड

विकास संवाददाता
थाहानगर

मकवानपुरको थाहा नगरपालिका शिखरकोटमा दश महिना अगाडि सदस्य सेवा केन्द्र विस्तार गरी सेवा प्रदान गरिरहेको मंगलदीप बचत तथा ऋण सहकारी संस्थाको ८ औं वार्षिक साधारणसभा सम्पन्न गरेको छ। संस्थाको मुख्य कार्यालय ललितपुरस्थित लगनखेलमा रहेको छ ।

थाहा नगरको विकास घर शिखरकोटमा थाहानगर प्रमुख विष्णु विष्टको प्रमुख आतिथ्यमा साधारण सभा भएको हो। उद्घाटन समारोहका विशिष्ट अतिथी थाहानगरका उपप्रमुख भरत गोपाली रहेका थिए कार्यक्रममा प्रमुख अतिथी नगर प्रमुख विष्टले सदस्यहरूको बचतको सुरक्षाको लागि सेवाको स्तरलाई सुद्ढ बनाउदै प्रभावकारीतामा वृद्धि गर्न सुझाव दिए। विष्टले समाजवाद उन्मुख अर्थतन्त्र निर्माणमा सहकारी क्षेत्रको भुमिका अपरिहार्य भएको बताउदै सदस्यहरूको आर्थिक सामाजिक न्याय तथा गरिबी न्यूनीकरणका लागि सार्वजनिक निजि र सहकारी क्षेत्र सहितको तीन खम्बे अर्थनीतिलाई प्राथमिकतामा राखेर काम गर्न सके थाहानगरको पनि आर्थिक समृद्धिमा टेवा पुग्ने बताए ।

थाहा नगरपालिकाका उपप्रमुख भरत गोपालीले सहकारीले सदस्यहरूमा पुऱ्याएको सेवा र विविध क्रियाकलापले सदस्यहरूको आर्थिक, सामाजिक रूपान्तरणका साथै सहकारी अभियानलाई अभिवृद्धि गर्न मद्दत पुगेको बताउदै छोटो समयमानै थाहानगरमा स्थापित हुन सफल भएकोमा संस्थालाई शुभकामना दिए ।

साधारणसभामा संस्थाका अध्यक्ष नवराज विष्टले अध्यक्षको प्रतिवेदन प्रस्तुत गर्दै संस्थाले कार्यक्षेत्र भित्र छुट्टै पहिचान



स्थापित गरी सामाजिक मर्म अनुरूप संचालित भै छोटो अवधिमा आफुलाई एक कुशल संस्थाको रूपमा परिचित गराउन सफल रहेको बताए । उनले संस्थाले सरोकारवाला व्यक्ति, समुदाय, बुद्दिजिबी, सहकारी विभाग, सरकारी निकायका नीति निर्देशन पुर्णरूपले पालना गर्दै सहकारी ऐन २०७४ को कार्यान्वयनमा लागिरहने प्रतिबद्धता व्यक्त गरे ।

संस्थाका कोषाध्यक्ष सुरेन्द्र श्रेष्ठले कोषाध्यक्षको प्रतिबेदन प्रस्तुत गर्दै आर्थिक बर्ष ०७८/०७९ को असार मसान्तसम्म २ करोड १६ लाख बचत तथा अन्य शिर्षक तर्फ १५ करोड ४८ लाख, ऋण सुरक्षण कोष ४८ लाख ५१ हजार भई लगानी तर्फ १६ करोड ३६ लाख तथा आम्दानी २ करोड ८१ लाख गरि खर्च तर्फ २ करोड ७३ लाख, संभावित नोक्सानी फिर्ता ६ लाख ६६ हजार गरि १५ लाख ३ हजार मुनाफा गर्न सफल रहेको बताउदै आर्थिक बर्ष ०७८/०७९ मा २० करोड ८० लाख ८४ हजार बराबरको आर्थिक कारोबार गर्न सफल रहेको प्रतिवेदन प्रस्तुत गरे ।

संस्थाका अध्यक्ष नवराज विष्टको अध्यक्षतामा भएको साभारणसभामा थाहा नगरपालिका वडा नम्बर ३ का अध्यक्ष हिरेन्द्र रायमाझी, ४ का नारायण लामा, इलाका प्रहरी कार्यालय पालुङका प्रमुख दुर्गा खनाल, पालुङ बहुउद्देश्यीय सहकारी संस्थाका अध्यक्ष पुरूषोत्तम कार्की, शिखर बचतका अध्यक्ष मधुसुदन बिष्ट, कुण्डलदेवी बहुउद्देश्यीयका ब्यबस्थापक राजन मिश्र,सहयोगी बचतका ब्यबस्थापक मोहनमान श्रेष्ठ, पाथिभरा बचतका अध्यक्ष गोकर्ण बरूवाल,ग्रामीण पर्यटन व्यवसायी सहकारीका अध्यक्ष शिवहरी बर्तौला, शिखरकोट बजार व्यवस्थापन समितिका अध्यक्ष मनोज रायमाझी, मुक्तिनाथ हरियाली कृषि सहकारीका अध्यक्ष माधव कार्की, पालुङ जेसिजका अध्यक्ष जयराम खत्री, नेपाल लाइफ इन्स्योरेन्स पालुङ शाखा प्रमुख नरहरी पौडेल, सेन्चुरी कमर्सियल दामनका प्रमुख आशिष गौतम, पत्रकार शम्भु अधिकारीलगायत संघसंस्था तथा बित्तिय संस्थाका प्रतिनिधि तथा संस्थाका सदस्यहरूको उपस्थिति रहेको थियो । सभामा उपस्थित सबैलाई संस्थाका सचिव प्रलाद महतले स्वागत गरेका थिय भने अनिता विष्टले कार्यक्रम संचालन गरेकी थिइन् ।

## थाहामा थपियो अस्थायी प्रहरी चौकी

◆ विकास संवाददाता

मकवानपुर थाहा नगरपालिका वडा नम्बर ६ मा अस्थायी प्रहरी चौकी स्थापना गरिएको छ। प्रहरी चौकीको २६ भाद्रमा एक समारोहकाबीच मकवानपुर प्रहरी प्रमुख नायब प्रहरी उपरीक्षक बामदेवगौतमले उद्घाटन गरे ।

वडा नम्बर ६ का वडाध्यक्ष राजेन्द्रभक्त श्रेष्ठको अध्यक्षतामा भएको कार्यक्रममा गौतमले चौकीको ब्यानर अनावरण गरी उद्घाटन गरेका हुन् । कार्यक्रमका प्रमुख अथिती गौतमले आफुले थाहा नगरपालिका वडा नम्बर ६ का वडा अध्यक्ष श्रेष्ठसंग भेट भएको डेढ महिनामै चौकी स्थापनाको गरेको बताए। उनले अस्थायी रूपमा स्थापना भएको चौकीलाई स्थायी बनाउन स्थानीयहरू नै जागरूप हुनुपर्ने धारणा राखे ।

कार्यक्रममा नेपाली काँग्रेस थाहानगर सभापती प्रमोदकृष्ण जोशीले दशकौदेखिको प्रहरी चौकी स्थापना गर्ने सपना साकार भएको बताए । जोशीले खुशी व्यक्त गर्दै पर्यटकीय क्षेत्र बज्रवार ाहीमा प्रहरी चौकी स्थापना हुनु निकै महत्वपूर्ण कार्य भएको बताए । उनले प्रहरीलाई 'प्रहरी मेरो साथी' भन्ने नाराले वास्तवमै सार्थकता पाउनुपर्ने विश्वास व्यक्त गरे। बज्रवाराहीमा विभिन्न वित्तिय संस्था, बैक, सहकारी, बजारक्षेत्र रहेकोमा सम्पुर्ण निकायले प्रहरीको सुरक्षाको अनुभूति प्रत्येक्ष रूपमा गर्न पाउनुपर्नेमा जोड दिए ।

थाहा नगरपालिका वडा नम्बर ६ का वडा अध्यक्ष श्रेष्ठले आफुले चुनावमा जनतासंग गरिएको प्रतिवद्दता अनुरूप जनताको सेवा र सुरक्षाको लागि चौकी स्थापना भएकोमा खुशी व्यक्त गर्दै सहयोग र सहकार्य गर्ने सबैलाई धन्यवाद दिए। उनले इलाका प्रहरी कार्यालय पालुङको सहयोगमा जिल्ला प्रहरी कार्यालय मकवानपुरसंग समन्वय गरेर अघि बढ्ने बताए । उनले चौकी स्थापनासंगै थाहानगरको बज्रवाराही क्षेत्रका नागरि कले थप सुरक्षाको अनुभूति गर्न पाएको उल्लेख गरे ।

थाहा नगरपालिका वडा नम्बर ६ का वडा सदस्यहरू, वित्तिय तथा सहकारी सस्थाका प्रमुखहरू, विद्यालयका प्रधानाध्यापक स्थानीयको उल्लेखिय सहभागिता रहेको कार्यक्रममा नेकपा एमालेका नेता विष्णु प्रसाद ढकाललगायत उपस्थित थिए ।

## विद्युत नियमित नभएको भन्दै स्थानीय युवाहरूले लगाए ताला

◆ विकास संवाददाता

नेपाल विद्युत प्राधिकरण वितरण केन्द्र पालुङले विद्युत नियमित सुचारू नगरेको भन्दै स्थानीय युवाहरूले केन्द्रको मूल गेटमा बुधबार ताला लगाएका छन् ।

प्रत्येक शनिबार तथा सार्वजनिक बिदाको दिनमा नियमित जसो विद्युत मर्मतको नाममा प्रसारण लाइन अवरूद्ध गर्ने गरेको र बिना सूचना दिनहुँ दशौ पटक समेत अवरूद्ध हुने गरेपछि युवाहरूले ताला लगाएका हुन् ।

'प्राधिकरणमा गुनासो राख्न गएका थियौं तर त्यहाँ हामीसङ्ग कसैले पनि कुरा गर्न चाहेन, हाकिमलाई फोन गर्दा समेत फोन नउठाएपछि हामीले मूल गेटमा ताला लगाएका हौं ।' अगुवा युवा सुमन रायमाझीले बताए । 'गार्ड दुई जना र हेछ, अरू कर्मचारीहरू कोहि पनि बाहिर आएनन्, कुरा गर्न आवश्यक महशुस गरे कल गर्न भनेका छौं, अन्यथा ताला खोलिने छैन भन्ने चेतावनी दिएर आएका छौं ।' रायमाझीले भने ।




# • सम्पादकीय •

## डेंगुबाट बच्न सचेत बनौं

यस समयमा विभिन्न जिल्लामा डेंगुको संक्रमण फैलिएको छ । डेंगु संक्रमणका कारण केहीको ज्यान गइसकेको छ । हजारौं प्रभावित भएका छन् । संक्रमितमध्ये अधिकांशमा १०४–१०५ डिग्रीसम्म कडा ज्वरो आउने, टाउको, पेट र जीउ दुख्ने, खान मन नलाग्ने, वाकवाकी, बान्ता हुने, एकदमै कमजोरी अनुभव हुनेजस्ता लक्षण देखिने गरेको छ । आँखाको गेडी दुख्ने, हाडजोर्नी, मांसपेशी र ढाड दुख्ने, रिंगटा लाग्ने, श्वासप्रश्वासमा समस्या आउने, नाक वा गिँजाबाट रगत बग्ने, रक्तस्राव हुने, बेहोश हुनेजस्ता लक्षण देखिने गरेको चिकित्सकहरुले बताएका छन् । नेपाल डेंगु प्रभावित देशको रुपमा चिनिन्छ । गत वर्ष पाँच सय ४० र अझ अघिल्लो बर्ष पाँच सय ३० जनालाई मात्र डेंगु भेटिएकोमा अहिले झण्डै तीन हजार संक्रमित भइसकेका छन् र संक्रमण कम भएको छैन । तीन वर्षअघि अर्थात सन् २०१९ मा महामारीका रूपमा फैलँदा १७ हजार नौ सय ९२ जना संक्रमित भएका थिए भने तीन जनाको मृत्यु भएको थियो । ज्यानै लिन सक्ने र संक्रमितलाई असाध्यै पीडा हुने भएकाले यसलाई ठूलै रोगको रुपमा लिने गरिन्छ । हरेक वर्ष डेंगुको असर बढ्दै गएकाले यसको नियन्त्रणका लागि सरकार गम्भीरतापूर्वक योजनावद्ध रुपमा लाग्नु आवश्यक देखिन्छ ।

डेंगुको भाइरसद्वारा संक्रमित भएको एडिस एजिप्टाई जातको पोथी लामखुट्टेको टोकाइबाट सर्ने संक्रामक रोग हो– डेंगु । यो लामखुट्टे ग्रामीण क्षेत्रभन्दा पनि शहरी क्षेत्रमा बढी पाइन्छ । डेंगु, एडिस एजेप्टाई र एडिस एल्वौपेक्टस नामक लामखुट्टेले टोकेर हुने तीव्र भाइरल संक्रमण हो । एडिज लामखट्टे कालो रंगको हुन्छ, जसमा सेतो थोप्लो पनि देखिन्छ । यो लामखुट्टेले विशेषगरी दिउँसोमा टोक्ने भएकाले लामखुट्टेको टोकाइबाट बच्नु नै डेंगुबाट बच्ने आधारभूत उपाय हो । घाम उदाएको दुई घण्टा पछाडि र घाम अस्ताउनुभन्दा दुई घण्टा अगाडि यो लामखुट्टे बढी सक्रिय हुने भएकाले यो समयमा थप सचेत बन्नुपर्ने विज्ञहरुको सुझाव छ । त्यस्तै टिनका डब्बा, प्लास्टिकका खोल, टायर, सिसी, अन्डाको बोक्रा, ड्रम, गमला, पानी ट्यांकीजस्ता पानी जम्ने भाँडामा यो लामखुट्टेले फूल पार्ने भएकाले यस्ता बस्तुको प्रयोगबाट पनि बच्नुपर्ने देखिन्छ । विज्ञहरुले यसलाई क्लासिक डेंगु, हेमोरेजिक र साक सिन्ड्रोम गरी तीन प्रकारमा विभाजन गरेका छन् । क्लासिक डेंगु सामान्य प्रकारको मानिन्छ, जो आफैँ निको हुन्छ । हेमोरेजिक ज्वरो वा डेंगु साक सिन्ड्रोम भएको छ भने यसको उचित प्रकारले उपचार नगरे मृत्यु हुनसक्छ भन्ने विज्ञहरुको चेतावनी छ । डेंगुको लक्षण देखिएमा घरेलु उपचारतिर लाग्नुभन्दा पनि तत्काल स्वास्थ्य संस्था जानुपर्ने, प्रशस्त झोल पदार्थ खानुपर्ने चिकित्सकहरुको सुझाव मननयोग्य नै भए पनि मूलरुपमा लामखुट्टेको टोकाइबाट बच्नु नै डेंगुबाट बच्ने महत्वपूर्ण उपाय हो ।

स्थानीय सरकारले वडामार्फत टोल विकास संस्थाहरु परिचालन गरेर घर–घरमा यो अभियान अघि बढाउनु आवश्यक छ । टोलमा रहेका खाडलहरु पुर्ने, स्प्रे गरेर लामखुट्टे मार्ने अभियान चलाउने, स्वास्थ्यकर्मी र खासगरी स्वास्थ्य स्वयंसेवकहरु परिचालन गरेर स्वास्थ्य सचेतना जगाउनेलगायतका कार्यक्रम आवश्यक छ । त्यसका लागि आमा समूह, बाल क्लब, युवा क्लबलगायतका समूहरुलाई पनि परिचालन गर्ने नीति बनाउनु आवश्यक छ । नेपाल मात्र होइन, संसारभरि एकपछि अर्को स्वास्थ्य समस्या सिर्जना भइरहेका छन् । त्यसैले स्वास्थ्य क्षेत्रलाई गम्भीर र प्राथमिक क्षेत्रको रुपमा लिएर स्वास्थ्य सचेतनालाई हरेक क्षेत्रसँग जोडेर अघि बढाउनु आवश्यक छ ।

### थाहा नगरपालिकाको शिखरकोट काउण्टरबाट दिवा बस सेवा


| | | |
|---|---|---|
| विहान | ६:१५ | बजे काठमाण्डौ (हाइस) |
| विहान | ६:१५ | बजे हेटौंडा (फोर्स) |
| विहान | ७:१५ | बजे काठमाण्डौ (बस) |
| विहान | ८:00 | बजे हेटौंडा (बस) |
| विहान | ८:१५ | बजे सिमभन्ज्याङ हुँदै काडमाण्डौ (फोर्स) |
| विहान | ९: 00 | बजे काठमाण्डौ (मिनीबस) |
| विहान | ९:00 | बजे हेटौंडा जम्बो हाइस |
| विहान | ९:४५ | बजे काठमाण्डौ फोर्स |
| विहान | १0:१५ | बजे मार्खु, पालुङ हुँदै हेटौंडा (मिनीबर्स) |
| विहान | १0:१५ | बजे काठमाण्डौ(फोर्स) |
| विहान | १0:३0 | बजे हेटौंडा (फोर्स) |
| विहान | ११:१५ | बजे काठमाण्डौ (मिनिबस) |
| विहान | १२:३0 | बजे हेटौंडा (बर्स) |
| मध्यान्ह | १२:३0 | बजे काठमाण्डौ (बस) |
| मध्यान्ह | १:३0 | बजे हेटौंडा (मिनीबस) |
| दिउँसो | १:३0 | बजे पालुङ गोगने पकने (मिनीबस) |
| दिउँसो | १:३0 | बजे काठमाण्डौ (फोर्स) |
| दिउँसो | २:३0 | बजे काठमाण्डौ (फोर्स) |
| दिउँसो | ३:00 | बजे पालुङबाट मार्खु (बस) |
| दिउँसो | ३:३0 | बजे पालुङबाट काठमाण्डौं (बस) |

*थप जानकारीको लागि नारायणी यातायात दिवा बस सेवा तथा टिकट काउण्टर दामन शिखरकोट इन्चार्ज अरुण लामा ९८५५०७२३२२ र नरेन्द्र अधिकारी ९८५५०७०५६१*

### महत्वपुर्ण टेलिफोन नम्बरहरू

| | |
|---|---|
| पालुङ एम्बुलेन्स (चालक) | ९८१४२०७४०१ |
| आग्रा एम्बुलेन्स (चालक) | ९८६०२२३७५५ |
| जनकल्याण उच्च मा.वि. | ०५७–६२०३६४ |
| थाहा नगरपालिका कार्यालय | ०५७–४०००५६ |
| मत्स्यनारायण मा.वि. | ०५७–६२०५१२ |
| ईप्रका पालुङ (प्रमुख) | ९८५५०६९४९९ |
| प्रहरी चौकी फाखेल | ०५७–६९२५१८ |
| जिल्ला प्रशासन मकवानपुर | ०५७–५२०३८८ |
| विद्युत प्राधिकरण पालुङ | ०५७–४०००२९ |

# सरकारी सवारी साधन हाकिम सा’ब को कि कार्यालयको ?



कृष्ण वर्मा

यो हाकिम पद पाउन कर्मचारीले लिङ्ग बाहेक हरेक कुरा परिवर्तन गरेको देख्न र सुन्न पाइन्छ । यसको लागि किन मरिहत्ते गर्दा होलान् भन्ने हाकिम हुन नपाएकाहरूको गुनासो भनौँ वा इच्छा त्यो भए पछि पक्कै पनि थाहा पाउँछन् होला । हामीले अहिलेसम्म बाहिरबाट देखेको कार्यालय प्रमुख हाकिम सा'बहरूले पाउने भनेको बस्ने आवास र सरकारी सवारी साधन माथिकै हाली मुहाली नै हो । जुन अन्य कर्मचारीहरूलाई प्राय हुँदैन ।

सरकारी सवारी साधनको बारेमा हरेक जसो सबैको आँखा लाग्ने गर्दछ । कहिले फलानो कार्यालयको गाडी फलानो होटेलमा रोकेको छ, कहिले फलानो हाकिमले परिवार घुमाउन फलानो बिदाको दिन गएको छ, कहिले फलानो अफिसको गाडिले मल र घाँस बोकेको छ, कहिले फलानो हाकिम सा'बले हामी सबैलाई गाडी चढ्न दिनुहुन्थ्यो, कुनै हाकिम सा'बले यो गाडी त घरकै जस्तै गराउनु भो भन्ने गुनासोको साक्षी तपाई हामी भई रहन्छौ र चलेको चलन पनि यही नै छ । सबै त नभनौँ तर अधिकांश हाकिम सा'ब हरूले भने सरकारी सवारी साधनलाई आफ्नै घर भन्दा पनि बढी प्रयोग गर्नुहुन्छ त्यो पनि व्यक्तिगत काम र परिवारको लागि यसमा पनि कुनै दुइमत नै छैन ।

अब कुरा आयो यो सरकारी सवारी साधन कार्यालयको हो कि कार्यालय प्रमुख हाकिम सा'बको भन्ने ! कार्यालयको हो भने कार्यालयका अन्य कर्मचारीहरूले किन अत्यावश्यक काम र बिरामी परेको समयमा पनि उपभोग गर्न पाउँदैनन् कार्यालय प्रमुखको हो भने सरकारी इन्धन र मर्मतमा व्यक्तिगत र परिवारका लागि प्रयोग गरिन्छ ? हाकिम सा'बले परिवार र व्यक्तिगत जीवनको लागि प्रयोग गर्नुभयो भनी आरिस गर्नुभन्दा पनि यो पद्धति नै गलत र अनियमितता हो भन्न भने डराउनु हुँदैन र यो देख्दा सानो भए पनि सोचनीय चाही हो । यस्तैमा मैले देखे भोगेको कुरा यहाँ प्रस्तुत गर्न चाहन्छु ।

एउटा कार्यालयमा कार्यरत निम्नस्तरका कर्मचारी कार्यालयमै काम गर्दा गर्दै लडेर हात र टाउकोमा चोट लाग्यो, उन्लाई अस्पतालमा लैजानको लागि कार्यालयको सवारी साधन हुँदाहुँदै निजी सवारी साधनमार्फत अस्पताल पुऱ्याई उपचार गरियो, त्यही फेरी हाकिम सा'बको श्रीमतीलाई मध्य रातीमा अचानक पेट दुख्दा उहाँको लागि कार्यालयको गाडीमार्फत काठमाडौँसम्म पुऱ्याईयो ।

अर्को गजबको दृष्टान्त यहाँ अवगत गराउन चाहन्छु, हाकिम सा'बको भान्सेको बच्चा र हाकिम सा'बको बच्चाले एउटै निजी स्कुलमा पढ्ने, हाकिम सा'बको बच्चा भने सरकारी मोटरमा विद्यालय अनि त्यही भान्सेको बच्चा भने बुवाले ढोऱ्याउदै विद्यालयमा आउँदाको दृश्य कस्तो होला आफै अनुमान गर्न सकिन्छ । यस्ता खाले दृष्टान्त तपाई हाम्रा अगाडि धेरै नै छन् । यहाँ कसले पायो कसले पाएन भन्दा पनि पाए सबैले पाउनु पर्ने हो, नपाए कसैले पनि नपाउनु पर्ने पक्कै पनि होला । कुनै कर्मचारी पनि नपाउने कसैको परिवारले समेत पाउने त्यो नै नमिल्दो देखिन्छ । त्यस्तै त्यही कार्यालयका कार्यालय प्रमुखको परिवारको काठमाण्डौमा उपचार हुँदा आफूसमेत काठमाडौँ पुऱ्याउने र ल्याउनेसम्म कार्यालयको सवारी साधनलाई प्रयोग गरिन्छ यो सरासर अनियमितता होइन र ? अझ काज ठोकेर सरकारी सवारी साधनमा आफन्तको बिहेमा जन्त जाने हाकिम सा'बहरूको त कुरै नगरौँ ।

त्यस्तै धेरै जसो हाकिम सा'ब हरूको घर काठमाडौँ हुने संयोग हो वा उहाँहरूको प्रगति हो, त्यो त भगवानले नै जानुन् । जे होस हाकिम सा'ब हरूले परिचय दिँदा भने पहिले घर यता अहिले काठमाडौँ भन्ने प्रायः सबैको मुखबाट सुन्न पाइन्छ । त्यसैले पनि होला अहिलेको नयाँ पुस्ताले छिट्टै काठमाण्डौमा घर घडेरी जोडी उहाँहरूको पछिको ठेगाना काठमाण्डौमा बनाउन मरिहत्ते गर्ने पनि । हाकिम सा'बहरू काठमाडौँ जाने आउने धेरै पटक गर्नुपर्छ । एउटै कार्यालयको कर्मचारीहरू बिदामा काठमाण्डौमा घर तथा डेरा भएका अन्य कर्मचारीहरूलाई त्यही कार्यालयको गाडीमा नलैजाने तर आफ्ना नातागोताहरू र राजनीतिक दलका नेताहरू र उनका परिवारलाई पुऱ्याएको प्रमाण प्रशस्तै देख्न पाइन्छ ।

अझ दसैँ तिहारलगायत मुख्य पर्वहरूमा त सार्वजनिक सवारी साधन भन्दा पनि तल माथि लोड गर्दै परिवार र नातागोताहरूलाई ओहोर दोहोर गराउने हाकिम सा'बहरूलाई भने पक्कै पनि लाज लाग्नु पर्ने हो, जसले आफ्नै कार्यालयका कर्मचारीलाई नल्याई नातागोता र इस्ट मित्रहरूलाई ओहोर दोहोर गराउनुहुन्छ । बिचरा निम्न कर्मचारी, जसलाई कार्यालय पूर्णरूपमा बिदा भएपछि कार्यालय छोड्नु पर्ने र खुल्दा बित्तिकै कार्यालयमा हाजिर हुनुपर्ने कर्मचारीले भने त्यही कार्यालयको साधनमा स्थान नपाउनेले पनि त्यही उत्तर खोजेको छ । गाडी हाकिम सा'बको कि कार्यालयको, कार्यालयको भए त पक्कै पनि पाउँथ्यो होला !

सरकारी साधन र श्रोतलाई नियमन गर्नेहरू नै प्रायः जसो बिदाको दिनमा जिल्ला तथा बेजिल्लाका नजिक पर्ने पर्यटकीय तथा धार्मिक स्थलहरूमा परिवार सहितको भ्रमण गरेको देख्न पाइन्छ भने अन्य कार्यालयको त के कुरा र ! जस्तै अर्घाखाँचीमाबाट तपाईँहरूको रिडी, रेसुङ्गा, ढोरपाटन, स्वर्गद्वारी, लुम्बिनी कुन कार्यक्षेत्र परेर अनुगमन र निरीक्षणको बाहानामा परिवार लगायत आफूहरू घुम्न पुग्नुहुन्छ, यसलाई कार्यालयको कामको सिलसिलामा भन्ने कि निरीक्षण अनुगमन भन्ने की साधन श्रोतको दोहन भन्ने !

उही कार्यालयको जुनियर कर्मचारीको घर परिवारमा अत्यन्तै जरूरी काम परेर घर जान पर्दा गाडी रिजर्भ गरेर जानुपर्छ भने त्यही कार्यालयको हाकिमसा'ब भने आफन्तको बिहे होस तथा घरको कुकुर बिरामी भए पनि सरकारी सवारी साधन लिएर जन्त तथा अस्पताल जानु, अब भन्नुहोस् सवारी साधन हाकिम सा'ब को कि कार्यालयको ?

कुनै कुनै हाकिम सा'बहरूले त कस्तोसम्म गरेको देख्न पाइन्छ भने आफू र आफ्नो काम पर्दा भने अन्यलाई पनि गाडीको प्रयोग गर्न दिने र आफू नजाँदा भने अर्कै व्यवस्था गरेर फिल्डमा खटिनु पर्ने जुनियर अनुभव सुन्न पाइन्छ ।

कार्यालयको कामको लागि अन्य कर्मचारीलाई प्रयोग गर्न किन दिइँदैन होला ? यस्तोसम्म देख्दा त यो कार्यालयको नभएर हाकिम सा'बकै हो कि जस्तो लाग्छ । यी र यस्तै कारणले हामी भ्रष्ट्राचार र अनियमितता अग्र गतिमा दौडी रहेका छौ । अझ कार्यालयमा इन्धनको लागि विनियोजित बजेट, सवारी साधनको गुडाई र इन्धनमा भएको खर्चको तालमेल हेर्ने हो भने यस्तो र नभुल्ल परिन्छ कि कार्यालयको सवारी साधन २४ घण्टामा १ सेकेन्ड पनि रोकिएको छैन, यसको माईलेज कम्तीमा पनि २ कि मि प्रति लिटर जस्तो देखिने गरी इन्धन खपत भएको पाइन्छ । यसरी इन्धन, सवारी साधन गुडाई, गुडाई अनुसारको कार्यालयको काम काजसँग तादम्यता मिलाउने हामीमा कुनै प्रणाली विकास भएको छैन । हाम्रो कार्यालयमा इन्धनको लागि विनियोजित बजेट वर्षान्तरमा सधैँ सकिएको हुन्छ तर हामीले कसरी सकियो र यसको उपयोग कसरी भयो भन्ने समेत हेक्का राख्दैनौ ।

सरकारले कार्यालय प्रमुखलाई सवारी साधन, इन्धनलगायतका आवश्यक बजेट र सुविधा कार्यालयको कामकाज समयमै सकियोस्, छिटो छरितो होस, किफायत होओस् भनेर नै होला, न कि हाकिम सा'बको परिवारलाई घुमाउन, डुलाउन, औषधी उपचार गराउन, नाता गोतालाई किनमेल गर्ने, घडेरीको कारोबार गर्न, भनेर त पक्कै पनि होइन होला ! तर व्यवहारमा भने यस्तै भएको छ ।

हाकिम सा'ब हुने भनेको राम्रो मेहनत गरेर पढेको जानेको बुझेको अनुभव भएको र सिनियर भएर नै हुने हो । त्यसमा ठुलो जिम्मेवारी पनि हुन्छ, तर सरकारी साधन श्रोतको जिम्मेवारी नै कार्यालय प्रमुखको हो, यसको कुशल व्यवस्थापन नै कार्यालय प्रमुख हाकिम सा'बको गहन जिम्मेवारी हो । हाकिम सा'बहरूले कार्यालयको कार्य सम्पादनमा सहजताको लागि उपलब्ध साधन र श्रोतलाई व्यक्तिगत जीवन परिवारको लागि प्रयोग गरी यस्तो अपजस लिउने कार्य गर्न बन्द गरौँ र सम्बन्धित नियमक निकायले यसको व्यवस्थापन तर्फ ध्यान दिई सरकारी साधन श्रोतमा हुने अनियमिततालाई न्यूनीकरण तर्फ लागौँ । कुन सवारी साधन कुन कामको

*बाँकी पृष्ठ ३ मा*

# डेटिङमा डर : उमेर हद तोक्न कति जरूरी ?

बैंसालु उमेरमा प्रेम सम्बन्ध गाँस्नु आश्चर्यको कुरा भएन । प्रेम सम्बन्धमा रहेको बेला दुनियाँको नजर छल्दै भेटघाट गर्ने, माया-पिरतीका मीठा-मीठा बात गर्ने कुरा पनि दुर्लभ रहेन । किनभने प्रेम एक यस्तो संवेगात्मक मोड हो, जुन चरणबाट हरेकजसो व्यक्ति गुज्रिएका हुन्छन् ।

भन्न त प्रेमको कुनै सीमा हुन्न भनिन्छ । यद्यपि डेटिङका सन्दर्भमा भने विश्वका कति मुलुकले निश्चित सीमा र सर्तहरू राखेका छन् । खासगरी डेटिङ बहानामा हुनसक्ने सम्भावित यौन दुर्व्यवहार, बलात्कार वा अपराधहरूबाट जोगिन यसमा उमेरको सीमा तोकिएको पाइन्छ ।

अतः विश्वका अधिकांश मुलुकमा १८ वर्षपछि मात्र डेटिङका लागि अनुमति दिइन्छ भने कुनै मुलुकमा १६ वर्षपछि । अर्थात् तोकिएको उमेरपछि मात्र तिमी आफ्नो जीवनका लागि स्वविवेकले निर्णय लिन सक्छौं भनिएको हुन्छ ।

तर हाम्रो कानुनमा यस्तो निश्चित प्रावधान छैन । जबकि सन् १९८९ मा संयुक्त राष्ट्र संघको बालअधिकार महासन्धि 'सीआरसी'मा नेपाल पनि एउटा पक्ष राष्ट्र भएर हस्ताक्षर गरेको छ । त्यो 'सीआरसी'मा १८ वर्ष भन्दा कम उमेरकालाई 'बालबालिका' भनिएको छ । अतः बालबालिकाहरू शारीरिक, मानसिक, संवेगात्मक, सामाजिक रूपमा परिपक्व नभएको हुनाले अभिभावक, समाज र राज्यले पनि उनीहरूको संरक्षण गर्नुपर्छ भनिएको छ ।

उनीहरूमा कुनै पनि किसिमको हिंसा, दुर्व्यवहार र अपराध भयो भने सरकार आफैं बादी बनेर उनीहरूको तर्फबाट मुद्दा लड्छ र न्याय दिलाउँछ । यसको अर्थ सरकारले डेटिङको लागि उमेर हद तोकेको नभए पनि यो उमेर उपयुक्त छैन है भन्ने आशय व्यक्त गरेको छ ।



### डेटिङमा उमेर हद कति जरूरी ?

अहिले जुन किसिमका घटनाहरू सतहमा देखिन थालेका छन् त्यसले के देखाउँछ भने नाबालिगहरू अरूको प्रभाव वा ललाइफकाइमा परेर आफूलाई दाउमा लगाइरहेका छन् । १६-१७ वर्षका किशोरीमाथि यौनजन्य कृत्य भइरहेका छन् । भावनात्मक खेलबाड भइरहेका छन् । अनिच्छित गर्भधारण, गर्भपतन, जबरजस्ती करणी, हत्या, आत्महत्या यसैका नतिजा हुन् ।

यो बहकिने उमेर हो । अरूले जे भन्छ, त्यही पत्याउने । अरूले जे गर्छ, त्यसैमा विश्वास गर्ने । अरूले जे सिकाउँछ, त्यही मान्ने । त्यसैले उनीहरू यतिबेला चाँडै अरूको प्रभावमा पर्न सक्छन् । अरूको स्वार्थमा जेलिन सक्छन् ।

यो यति कच्चा उमेर हो, जतिबेला उनीहरूमा आफैंलाई सम्हाल्न सक्ने क्षमता हुँदैन । आफूलाई के गरिरहेका छन् ? आफूमाथि के भइरहेको छ ? यो सही वा गलत ? यसलाई कसरी प्रतिवाद गर्ने ? उनीहरू टुंगो गर्न सकिरहेका हुँदैनन् । अतः प्रेमको चक्कर र डेटिङको फन्दामा परेर उनीहरू दुर्घटनामा पर्ने जोखिम हुन्छ ।

यस्ता सम्भावित जोखिमबाट बच्नका लागि डेटिङमा उमेर हद जरूरी हुन्छ । एउटा निश्चित उमेरपछि मान्छेलाई सामाजिक दायरा, कानुनी प्रावधानसँगै जीवनका मूल्य बोध हुन्छ । त्यसैले डेटिङका लागि उमेर हद तोक्न जरूरी छ । यसले डेटिङ र सम्बन्धका कारणले हुने यौनजन्य अपराधलाई निरूत्साहित गर्न सहयोग गर्छ ।

उमेर हद तोकिएपछि यस किसिमको अपराधजन्य कृत्य पूर्ण रूपमा रोकिन्छ भन्ने होइन । तर यसले एउटा जागरण ल्याउँछ, चेतना जगाउँछ । कानुनी सर्तहरू पालना गराउँछ । अतः क्रमशः सम्भावित विकृति नियन्त्रण हुन थाल्छ ।

### डेटिङको डर

१८ वर्ष भन्दा कम उमेरका बालबालिका शारीरिक, सामाजिक, मानसिक र संवेगात्मक रूपमा परिपक्व नभएको हुनाले उनीहरूले कुनै पनि कुराको निर्णय गर्न सक्दैनन् । त्यसैले उनीहरू एकअर्काप्रति आकर्षित भएर शारीरिक सम्पर्क समेत हुनसक्छ । १८ वर्षभन्दा कम उमेरमा सहमतिमा नै यौन सम्बन्ध भए पनि त्यसलाई कानुनले बलात्कार मान्छ ।

साथै कम उमेरमा डेटिङ गरेर कम उमेरमै विवाह भयो भने पछि परिपक्व हुँदै गएपछि सोच नमिल्ने समस्या पनि हुनसक्छ । कम उमेरमा डेटिङ गर्दा गर्भपतनको घटना बढ्ने, हिंसा, दुर्व्यवहार र अपराधको जोखिम पनि हुन्छ ।

### कसले गर्ने निगरानी ?

विश्वको अभ्यासलाई हेर्ने हो भने यसमा प्रहरी प्रशासनले पनि एउटा संयन्त्र बनाएर निगरानी गर्छन् । तर त्यो भन्दा पनि मूल कुरा कानुनी जागरण जरूरी हुन्छ । किशोर पुस्तालाई ज्ञान हुनुपर्छ कि डेटिङ यो उमेरमा निषेध छ ।

घरपरिवारबाट, विद्यालयबाट उनीहरूले यस किसिमको कुरा जान्न सक्छन् । डेटिङको बहानामा हुनसक्ने जोखिम, त्यसले निम्त्याउने दुर्घटनाबारे उनीहरूलाई जानकारी दिनुपर्छ ।

झट्ट सुन्दा धेरैका लागि यो हाँसोको विषय हुनसक्छ, कतिका लागि मामुली पनि । तर डेटिङकै बहानामा भइरहेका कतिपय यौनजन्य कृत्यले समाजलाई अहिले नराम्ररी बिथोल्दैछ । त्यसैले यसमा सर्तकता जरूरी छ ।

(अधिवक्ता थापासँग गरेको कुराकानीमा आधारित)

## सरकारी सवारी ...

लागि कहाँ प्रयोग भई रहेको छ भन्ने सम्मको व्यवस्थापन गर्ने प्रणालीको अवलम्बन गर्न तर्फ लागौं ।

सरकारी सवारी साधनको प्रयोग कार्यालय समयमै गरौं भन्ने पनि होइन । कार्यालय प्रमुख घर जाँदा सार्वजनिक सवारी साधन चढेर जानुस् भन्ने पनि होइन । औषधी उपचार गर्न एम्बुलेन्स नै प्रयोग गर्नुहोस् भन्ने होइन । आउँदा जाँदा आफन्त र नातागोतालाई नचढाउनुहोस् भन्ने पनि होइन । तर यहाँ त दसैंमा ससुराल टीका थाप्न जाँदा सरकारी गाडी, तीजमा श्रीमतीलाई माइत पुऱ्याउन जाँदा सरकारी गाडी, बच्चाबच्ची विद्यालय पुऱ्याउदा सरकारी गाडी, बिहे भोजमा सरकारी गाडी, तपाईका छोरा छोरी बिदेश जाँदा आउँदा एयरपोर्ट पुऱ्याउन र ल्याउन सरकारी गाडी, जन्त जाँदा सरकारी गाडी, आजा पूजामा जाँदा सरकारी गाडी तर त्यही एउटै कार्यालयको अन्य कर्मचारीलाई कार्यालयकै कामको सिलसिलामा फिल्ड जाँदा भने सार्वजनिक यातायात तथा व्यक्तिगत साधनको प्रयोग गर्न बाध्य पारिनु बेठीक हो भन्नु नै यसको तात्पर्य हो ।

सरकारी सवारी साधन कार्यालयको हो, यसको व्यवस्थापन र उचित र व्यवस्थित प्रयोग गर्ने गराउने तपाईंको दायित्व र जिम्मेवारी हो । तर मनपरी व्यक्तिगत र पारिवारिक प्रयोगको लागि भने पक्कै पनि होइन । यो पढ्दै गर्दा हाकिम सा'बहरूको मनमा कुरा उठ्छ होला, हाकिम हुन सजिलो छ र गाडी चढ्न औकात हुनुपर्छ । सबैलाई गाडी चढाउन त कहाँ सकिन्छ र ! हाकिम हुन त पढ्नुपऱ्यो मेहनत गर्नुपऱ्यो नि भन्ने जस्ता विभिन्न प्रशनहरूले मुरमुरिनुहुन्छ होला त्यो एकदम ठिक हो । त्यो प्रयोग तपाईंहरूले कार्यालयको लागि, सरकारको लागि र समाजको लागि गर्नुहुन्छ भने तर त्यही तपाईंले कुन अनुचित रूपले र व्यक्तिगत फाइदाका लागि गर्नुहुन्छ भने उत्तर आफै खोज्नु । तपाईंहरूले त्यस्तो के पढाई पढ्नुभयो, कस्तो मिहेनत गर्नुभयो जसले तपाईंको योग्यता, दक्षता, मेहनतले तपाईंको परिवार, आफन्त, नातागोता, आसेपासे सरकारी गाडीमा घुम्न पाउन, आफन्तको बिहेमा जन्ती सरकारी गाडीमा जान पाउन, तपाईंको परिवारले सरकारी गाडीमा किन मेल गर्न बजार जान पाउन !

कृपया यसको उत्तर पनि दिने प्रयास गर्नु होला । – प्रशासनबाट साभार

# के हो डेंगु, जानी राखौ ?

डेंगु एडिज प्रजातिको पोथी लामखुट्टेको टोकाइबाट सर्ने एक रोग हो। यो रोग डेंगु नामक आरएनए भाइरसको कारणले हुने गर्दछ । यो रोग एडिज लामखुट्टेको टोकाइबाट एक व्यक्तिबाट अर्को व्यक्तिमा सर्ने गर्दछ ।

### डेंगु भाइरसका प्रजाति के-के छन् ?

डेंगु भाइरस आर्बो भाइरस ग्रूप अन्तरगत पर्ने एक प्रमुख आरएनए भाइरस हो। अहिले सम्ममा यो भाइरसको DEN–1, DEN–2, DEN–3, DEN–4, / DEN–5 गरी पाँच वटा सेरोटाइप पत्ता लागेको छ ।

### कसरी सर्छ डेंगु?

यो रोग मुख्यतया दिउँसोको समयमा एडिज एजिप्टी नामक पोथी लामखुट्टेको टोकाइबाट एक व्यक्तिबाट अर्को व्यक्तिमा सर्ने गर्दछ । यो प्रजातिको लामखुट्टेले आफ्नो आहारा पूरा गर्नको लागि एक भन्दा बढी व्यक्तिको रगत चुस्ने भएकाले डेंगु रोग फैलाउनमा यो प्रजातिको लामखुट्टेको धेरै भूमिका रहेको हुन्छ । साथै केही मात्रामा एडिज एल्वोपिक्टस नामको अर्को लामखुट्टेको टोकाइबाट पनि डेंगु सर्ने गर्दैछ। तर यो लामखुट्टेले आफ्नो आहारा एउटै व्यक्तिको रगतबाट पूरा गर्ने भएकाले यसको प्रभावकारिता एजिप्टिको भन्दा कम हुन्छ ।

### डेंगु सार्ने लामखुट्टे कस्तो ठाउँमा पाइन्छ?

मुख्यतया वर्षायामको समयमा घर वरपरका खाल्डाखुल्डी, छत, गमला, कुलर, टाएर आदिमा जमेको पानी तथा सञ्चित गरेर राखेको पानीमा एडिज लामखुट्टे बस्ने गारेको पाइन्छ। यस्ता ठाँउहरूमा लार्भा उत्पादन गरी आफ्नो सत्त्यामा वृद्धि गराउँदछ। तसर्थ हामीले डेंगु रोग फैलन नदिन र यसको नियन्त्रणका लागि उक्त पानी जम्ने ठाउँहरू राम्रोसँग सफा गर्ने र सञ्चित गरेर राखिएको पानीलाई छोपेर राख्नुपर्छ ।

### डेंगु रोग लागेमा के हुन्छ?

डेंगु भाइरस संक्रमित एडिज लामखुट्टेले टोकेको ३-१४ दिन भित्रमा हाम्रो शरिरमा डेंगुको भाइरसहरू फैलन थाल्दछ र बिस्तारै यसका लक्षणहरू देखा पर्दछ। डेंगु रोगको मुख्य तीन चरण अनुसार लक्षणहरू देखिन्छ ।





# कृषि मन्त्रालयले भन्यो-'एक गाउँ, एक प्राविधिकको निरन्तर छ'

◆ विकास संवाददाता

कृषि तथा पशुपन्छी विकास मन्त्रालयले एक स्थानीय तह एक कृषि तथा पशु प्राविधिक सेवा कार्यक्रम निरन्तर रहेको जनाएको छ ।

नयाँ आर्थिक वर्ष लागेसँगै केही स्थानीय तहले करारका नियुक्त प्राविधिकलाई सेवाबाट हटाएको गुनासो आएको भन्दै मन्त्रालयले त्यसो नगर्न स्थानीय तहहरूको ध्यानाकर्षण गराएको हो ।

२०७३ सालदेखि यो कार्यक्रम अन्तर्गत २ हजार ५५० जना प्राविधिक रहेको र त्यसका लागि सङ्घले व्यहोर्नु पर्ने बजेट यो वर्ष पनि निरन्तर रहेको मन्त्रालयले प्रस्ट पारेको छ । चालु आवका लागि प्राविधिकहरूको ६ महिनाको तलब र चाडपर्व खर्चका लागि बजेट स्थानीय तहमा पठाइसकिएको पनि मन्त्रालयले जनाएको छ ।

हाल कार्यरत यस्ता प्राविधिकहरूलाई कार्यसम्पादनका आधारमा निरन्तरता दिन र सबै स्थानीय तहमा कार्यक्रमलाई निरन्तरता दिन पनि मन्त्रालयले भनेको छ ।

एक गाउँ, एक पशु सेवा प्राविधिक व्यवस्थापन कार्यविधि २०७३ अनुसार स्थानीय तह र संघीय सरकारको आर्थिक योगदानमा हरेक स्थानीय तहमा राजपत्राङ्कित अनंद्वितीय श्रेणीका प्राविधिकहरू सहायक पदमा करार नियुक्त भएर काम गरिरहेका छन् ।

# थाहानगरका विष्ट र ढकाल प्रदेश सिफारिस

◆ विकास संवाददाता

नेकपा माओवादी केन्द्र थाहानगर कमिटी तथा ईन्द्रसरोवर गाउँपालिका कमिटीले ४ मङ्सिरमा हुने संघ तथा प्रदेश सभा निर्वाचनको लागि उमेदवार सिफारिस गरेको छ ।

दुबै पालिकाको १८ भदौमा बसेको पदाधिकारी बैठकले उमेदवार सिफारिस गरेको हो । सिफारिस हुनेमा प्रतिनिधि सभा २ मा दुवै पालिकाले नेता रामनारायण विडारीलाई सिफारिस गरेको छ ।

त्यस्तै प्रदेश सभा २ 'क' तर्फ पनि दुवै पालिकाले नेताहरू कुमारी मोक्तान, विष्णुहरि ढकाल जंगली, लवशेर बिष्ट, सन्तोष विष्ट तथा प्रकाशचन्द्र पाण्डे 'प्रलोक'लाई सिफारिस गरिएको छ ।

प्रदेश समानुपातिक तर्फ थाहानगरले ज्योति रायमाझीलाई सिफारिस गरेको छ भने ईन्द्रसरोवरले ज्योती रायमाझी, अप्सरा लामा, विर्जुपदम लामा र रन्जित राणालाई सिफारिस गरेको छ ।




# राक्सिराङमा झोलुङ्गे पुल बन्यो

◆ विकास संवाददाता

मकवानपुरको राक्सिराङ गाउँपालिका-७ मा झोलुङ्गे पुल उद्घाटन गरिएको छ । स्थानीय शंकरखोलामा निर्मित एक सय १४ दशमलव ३० मिटर लामो झोलुङ्गे पुलको बागमती प्रदेशका भौतिक पूर्वाधार विकास राज्यमन्त्री सन्तबहादुर प्रजा र राक्सिराङ गाउँपालिकाका अध्यक्ष राजकुमार मल्लले सोमबार संयुक्त रूपमा उद्घाटन गरेका हुन् ।

सरकारको झोलुङ्गे पुल क्षेत्रगत कार्यक्रमअन्तर्गत राक्सिराङ गाउँपालिका समेतको लगानीमा ४६ लाख १८ हजार रूपैयाँमा विकट गाउँमा झोलुङ्गे पुल निर्माण गरिएको हो । पुल निर्माणमा राडो नेपालले सामाजिक तथा प्राविधिक सहयोग गरेको थियो । पुल निर्माण भएपछि राक्सिराङ ७ नम्बर वडाका गाइबाङ, दामराङलगायतका स्थानका २ सय ५० घरधुरीका करिब २ हजार जनसंख्या लाभान्वित हुने गाउँपालिकाका अध्यक्ष राजकुमार मल्लले जानकारी दिए ।

२०७८ वैशाखामा निर्माण सुरु भएको पुल गत असारमा निर्माण सम्पन्न भएको हो । पुल उद्घाटन कार्यक्रममा राक्सिराङ ७ का वडाध्यक्ष रामबहादुर प्रजा, गाउँपालिकाका प्रमुख प्रशासकीय अधिकृत देवचन्द्र गर्तौलालगायत कर्मचारीहरूको उपस्थिति रहेको थियो । पुल उद्घाटन गर्दै बागमती प्रदेशका भौतिक पूर्वाधार विकास राज्यमन्त्री प्रजाले पुल निर्माणसँगै स्थानीयलाई सहजता भएको भन्दै त्यसको संरक्षणको दायित्व पनि स्थानीयको भएको बताए । आफूले प्रदेशमार्फत चालु आवमा कार्यान्वयन हुने गरी राक्सिराङमा थुप्रै झोलुङ्गे पुलका योजना हालिएको पनि बताए ।

# कैलाशको १०० दिन, सफलता सार्वजनिक

◆ विकास संवाददाता

कैलाश गाउँपालिकाले १०० दिनको प्रगति विवरण सार्वजिनक गरेको छ । गएको बैशाख ३० गते भएको स्थानीय तह सदस्य निर्वाच अन्तर्गत निर्वाचित भएर पदभार ग्रहण गरेपछिको १०० दिनको प्रगति विवरण सार्वजनिक भएको हो। शुक्रबार पालिकामा आयोजित कार्यक्रममा अध्यक्ष लोक बहादुर मुक्तानले १०० दिनको अवधिमा भएका प्रगति सार्वजनिक गरेका हुन् ।

कार्यक्रममा उपाध्यक्ष बाल कुमार मल्ल ठकुरी, वडाध्यक्षहरू राजेन्द्र घिसिङ, भुवनसिं घलान लगायत कार्यपालिका सदस्यहरूको उपस्थिति थियो । अध्यक्ष मुक्तानले यति छोटो समयमा पालिकाले प्राप्त गरेको सफलतामा खुसि व्यक्त गरे ।

# माओवादी केन्द्र मकवानपुरले उमेद्वार सिफारिस गर्यो

◆ विकास संवाददाता

यहि ४ मंसिरमा हुने प्रतिनिधि सभा प्रदेश सभा निर्वाचनको लागि नेपाल कम्युनिष्ट पार्टी माओवादी केन्द्र जिल्ला समन्वय समिति मकवानपुरले उम्मेद्वार हरू चयनको लागि पार्टी वागमती प्रदेश कमिटिलाई सिफारिश गरेको छ । जिल्ला पार्टी कार्यालय हेटौडामा बसेको बैठकले मकवानपुरको प्रतिनिधि सभा प्रत्यक्ष तर्फ दुई निर्वाचन क्षेत्रमा ४ जना र प्रदेश सभा अन्तरगत ४ वटा निर्वाचन क्षेत्रमा १० जनाको नाम प्रदेश कमिटिलाई सिफारिश गरिएको हो ।

बैठकले मकवानपुरको प्रतिनिधि सभा निर्वाचन क्षेत्र नं १ को लागि प्रत्यक्ष तर्फ संविधान सभा सदस्य प्रल्हाद लामिछाने र जीवन गोलेलाई सिफारिश गरेको छ । क्षेत्र नं २ का लागि पार्टीको पोलिटब्युरो सदस्य समेत रहेकी मकवानपुर जिल्ला इन्चार्ज कुमारी मोक्तान र केन्द्रिय सदस्य रामनारायण विडारीलाई सिफारिस गरेको छ ।

त्यस्तै, बैठकले प्रदेश सभा तर्फ क्षेत्र नम्बर १ को क र ख का लागि ५ जनाको नाम सिफारिस गरेको छ । १ को क मा पार्टी केन्द्रिय सदस्य बिजय गौतम, बागमती प्रदेश कमिटि उपाध्यक्ष प्रेमबहादुर पुलामी र जिल्ला समन्वय समिति मकवानपुरका सचिव भिमबहादुर पाखिनको नाम सिफारिस भएको छ भने १ को ख का लागि हेटौडा उपमहानगर पार्टी अध्यक्ष तिर्थबहादुर थापा मगर र ज्ञानेन्द्र लामिछानेको नाम सिफारिस भएको छ ।

यसैगरि बैठकले प्रदेश सभा तर्फ नै क्षेत्र नम्बर २ को क र ख मा ५ जनाको नाम सिफारिस गरेको छ । २ को क को लागि पार्टीका पोलिटब्युरो सदस्य तथा मकवानपुर इन्चार्ज कुमारी मोक्तान, विशेष प्रदेश कमिटि उपाध्यक्ष प्रकाश चन्द्र पाण्डे र बागमती प्रदेश कमिटि सदस्य लवशेर विष्टको नाम सिफारिस गरिएको छ । क्षेत्र नम्बर २ को ख का लागि प्रदेश कमिटि सदस्य ओमबहादुर ग्लान, पार्टी मनहरी गाउँपालिका अध्यक्ष रामप्रसाद कालाखेतीको नाम सिफारिस गरिएको पार्टी जिल्ला समन्वय समिति सचिब भिमबहादुर पाखिनले बताए ।

बैठकले समानुपातिक तर्फको उम्मेद्वारहरूको पनि सिफारिश गरेको छ । प्रतिनिधि सभाको समानुपातिक उम्मेद्वारका लागि ढुलीमाया मोक्तान, प्रमिला लामा पुलामी, रञ्जना श्रेष्ठ, सन्तोषकुमार लामा, चन्द्र बहादुर लामा, फुलमाया सिन्तान, रामहरि सुवेदी, लाल सिं गुरूङको नाम सिफारिश गरिएको छ ।

प्रदेश सभाको समानुपातिक उम्मेद्वारका लागि जीवन पहरी, बच्चु खड्का गोले, बिरबहादुर राई, लक्ष्मी पाखिन, लक्ष्मी माझी, कृष्ण प्रसाद सुवेदी, पुनम भट्टराई, भगीरथ नेपाल, लिला कुमार घलान, शेख जाहगिर, अप्सरा लोप्चन, ज्योति रायमाझी, बिर्जु पदम लामा, रञ्जित राना, आनन्द घलान, खुसीलाल चेपाङ, ईश्वरी सुनुवार, दिल बहादुर स्याङ्बो, पूर्णिमा दोङ, बिश्वराज थिङलाई सिफारिश गरेको छ ।

# पद्मकन्याका विद्यार्थीले थाहामा मनाए विश्व आत्महत्या रोकथाम दिवस

◆ विकास संवाददाता

पद्मकन्या क्याम्पसका मनोविज्ञान संकायमा अध्यनरत विद्यार्थीले मकवानपुरको थाहानगरमा अन्तरक्रिया कार्यक्रमको आयोजना गरी विश्व आत्महत्या रोकथाम दिवस मनाएका छन् । 'कार्य मार्फत आशाको सिर्जना' भन्ने मुल नाराका साथ प्रत्येक वर्ष १० सेप्टेम्बरमा मनाइने दिवस थाहानगरको जनकल्याण माविमा मनाइएको हो ।

थाहानगरका नगर प्रमुख विष्णु बिष्टले आत्महत्या गर्न लागेको व्यक्तिलाई बुझ्ने र सहयोग गर्ने कुरा वा त्यस्तो जोखिम वा दुर्घटना हुनसक्छ भन्नेबारे बुझाउन सके आत्महत्याको संख्यामा कमी ल्याउन सकिने बताए । परिवार र साथीभाई चनाखो भए आत्महत्या गर्ने व्यक्तिहरूलाई सुरुमा नै सहयोग दिने ठाउँहरूसम्म पुऱ्याउन सके घटना हुनबाट जोगाउन सकिने नगर प्रमुख विष्टले बताए ।

विद्यालयमा नगर प्रमुखसहित शिक्षक विद्यार्थी बिच आत्महत्या रोकथाम विषयक अन्तरक्रिया गरिएको थियो । कार्यक्रममा मनोवैज्ञानिक शिक्षक पदमराज जोशीले आत्महत्याको नकारात्मकु सोच आएको अवस्थामा विभिन्न हेल्पलाइनहरूमा सम्पर्क गरी आफ्ना सोचहरूलाई सकारात्मक बनाउनतर्फ लैजानुपर्ने उल्लेख गर्दै आवश्यक पर्दा औषधि र मनोपरामर्श सेवा दिएर निको बनाउन सकिने बताए । जोशीले आत्महत्यालाई मानसिक रोग भन्दा पनि कमजोरु मन भएकाहरूले चाल्ने कदम भएकोले समाजमा व्याप्त हुनु नेपालको सन्दर्भमा ठूलो समस्या रहेको बताए ।

प्राध्यापक डाक्टर रामप्रसाद पौडेलले आत्महत्या नियन्त्रणका लागि आर्थिक, सामाजिक र पारिवारिक कारणले निम्त्याउने मानसिक तनावहरू सम्बोधन गर्न सम्बद्ध सबै पक्षहरूले भूमिका खेल्नुपर्नेमा जोड दिए ।



# सरकारले नदेखेको, स्थानीयले संरक्षण गरेको पालुङको इन्द्रजात्रा मनाइयो

◆ विकास संवाददाता

चर्चामा रहने र सरकारले उपत्यकामा सार्वजनिक विदा समेत दिने गरेको इन्द्रजात्रा मकवानपुर थाहानगरको पालुङमा पनि मनाइन्छ । यसपालि २५ भाद्रमा परेको इन्द्रजात्रा थाहानगरको पालुङमा भव्यताको साथ मनाइएको छ । यद्यपि काठमाण्डौ उपत्यकाको सार्वजनिक विदाले थाहानगरको पालुङलाई छुँदैन । पालुङमा मनाइने इन्द्रजात्रालाई सरकारले महत्व दिने गरेको छैन ।

यहाँ काठमाण्डौमा जस्तै वर्षा र सहकालका देवता देवराज ईन्द्रको पुजा अरधना गरि ईन्द्रजात्रा मनाइन्छ । प्रत्येक बर्ष भाद्र शुक्ल चतुदर्शीका दिन पर्ने यो पर्व मकवानपुरको पालुङ शहरमा मनाईन्छ ।

पालुङमा पनि तृतीयाका दिन विधिपुर्वक देवतालाई बोकाको भोक दिएर पुजाआजा गरि गणेश, इन्द्रायणी, भैरव, बाराही र कुमारीको नाच पालुङ शहरको डबलीमा नचाउने चलन छ । स्थानीय पुजारी सम्पुर्ण श्रेष्ठले ईन्द्रायणीको पुजा गरि देवतालाई भित्र्याएपछि अब एकैचोटि अर्को वर्षको गठेमङ्गलमा मात्र निकाल्न मिल्ने प्रचलन रहेको छ ।

यसैबीच पालुङमा भएको इन्द्रजात्रा समारोह थाहा नगरपालिकाका नगगर उपप्रमुख भरत गोपालीको प्रमुख आतिथ्यमा भएको थियो । कार्यक्रममा पालुङको सम्पदा तथा संस्कृति संरक्षणमा सहयोग गरेकोमा श्रीराम कार्की, माधव कार्की, विक्रम केसीलगायतलाईं कदर पत्रसहित सम्मान गरिएको थियो ।



नगर उपप्रमुख गोपालीले पालुङको स्म्पदा संरक्षणका लापिग पालिका र व्यक्तिगत तर्फबाट सहयोग हुने बताए । उनले नेवारी संस्कृति पहिचान भएको उल्लेख गर्दै यसलाई जोगाउनुपर्ने धारणा राखे । कार्यक्रममा इन्द्रायणी कालाभैरब गुठीका अध्यक्ष श्यामभक्त श्रेष्ठले स्वागत गरेका थिए । इन्द्रजात्रा समापनसंगै पालुङका नेवार समुदायले अबको तीन महिना इन्द्रायणी मन्दिरमा भाकलका पुजा नगर्ने र एकैपटक मंसिर को तीनवर्षे मेलामा मात्र गर्नेछन् ।

इन्द्रजात्रा समारोह पालुङ साँस्कृतिक सम्पदा संरक्षमण समितिका सचिव ध्रुव श्रेष्ठको सभाध्यक्षतामा भएको थियो ।

# तामाङ राष्ट्रिय मुक्ति मोर्चा थाहानगर अध्यक्षमा थिङ

◆ विकास संवाददाता

नेकपा माओवादी केन्द्रको भातृ संगठन तामाङ राष्ट्रिय मुक्ति मोर्चाको थाहानगर कमिटि गठन भएको छ । थाहा नगरस्तरीय सम्मेलनले ईमानसिं थिङको अध्यक्षतामा २५ सदस्यीय थाहा नगर कमिटि गठन गरिएको हो।

मोर्चाको उपाध्यक्षमा देबकी तामाङ, रोजराम थिङ, रघुनाथ वाइबा, सचिवमा गणेश लामा, र कोषाध्यक्षमा मगर सिं मोक्तान चयन भएका छन् । त्यस्तै सदस्यहरूमा ठुलोबाबु तामाङ, बिष्णुमाया थिङ, कृष्ण जी स्याङ्तान, पहलमान थिङ, देवान घले, मिलन स्याङ्तान, देबराज गोले र नरेश घलान लगायत रहेका छन् ।

नेकपा माओवादी केन्द्र बागमती प्रदेश कमिटि सदस्य ज्योति राइमाझीको प्रमुख आतिथ्यता तथा नगर सम्मेलन आयोजक कमिटिका संयोजक इमान सिं थिङको अध्यक्षतामा भएको थियो ।

सम्मेलनमा नेकपा माओवादी केन्द्र बागमती प्रदेश कमिटी सदस्य इन्द्रबहादुर श्रेष्ठ, थाहा नगर पार्टी अध्यक्ष बिनोदकुमार लामा, जिल्ला समन्वय समितिका सदस्य सुबर्ण गोपाली, वाइसियल नेपाल केन्द्रिय सदस्य नवराज थिङ, तामाङ राष्ट्रिय मुक्ति मोर्चाको जिल्ला सदस्य दिपक लामा, अनेरास्ववियु क्रान्तिकारीका जिल्ला सह( सचिब मुकेश गोले लगायतको आतिथ्यता रहेको थियो ।

# थाहानगर विज्ञान शिक्षक समाजको अध्यक्षमा कार्की



◆ विकास संवाददाता

विज्ञान शिक्षक समाज मकवानपुर को आयोजनामा थाहानगरको विज्ञान शिक्षकको प्रथम नगर भेला जनकल्याण माविमा भएको छ ।

भेलाले जनकल्याणका विज्ञान शिक्षक श्रीधर कार्कीको अध्यक्षतामा १३ सदस्यीय विज्ञान शिक्षक समाज थाहानगर समिति गठन गरिएको छ । समितिको उपाध्यक्षमा जनकल्याणका प्रदिप केसी, सचिवमा सुन्दरीदेविका हेमन्त कुवर, कोषाध्यक्षमा स्वच्छन्द भैरव मावि चित्लाङका भुपेन्द्र गोपाली, सहसचिव जनकल्याणकै विक्रम मल्ल, सहकोषाध्यक्ष सर्मिला आले रहेका छन भने सदस्यहरूमा मिलन स्याङ्तान, सीता गोपाली, जयलाल स्याङ्तान, मिलन मोक्तान, प्रतिमा दाहाल, पिताम्बर घिमिरे, ॐप्रकाश कुमार पंडित रहेका छन भने मनोज रायमाझी, निराजन कुवर, नरेन्द्र प्रसाद सिंह सल्लाहकार रहेको समिती गठन गरिएको छ ।

नगर प्रमुख विष्णु विष्टको प्रमुख आतिथ्यमा भएको भेलालाई बिष्टले गणित पछि विद्यालयको नतिजामा प्रभाव पार्ने विषय विज्ञान भएको हुँदा सैद्धान्तिक भन्दा व्याबहारिक ज्ञानमा जोड दिदै सिक्दासिक्दै मूल्याकंन हुनुपर्नेमा जोड दिए । उनले विज्ञानको गुणात्मक शिक्षामा जोड दिदै गठित कार्यसमितिले यस विषयमा ध्यान दिने बताए ।

शुभकामना दिदै शिक्षक महासंघ थाहानगर अध्यक्ष राजाराम कार्कीले विज्ञान र जगतलाई स्थानीय तहमा जोड्न संगठन आवश्यक भएको र खस्किदो नतिजालाई सुधार गर्न र पेसागत अप्ठेर लाई न्यूनीकरण गर्न समिती सफल हुने विश्वास व्यक्त गर्दै शुभकामना दिए । शुभकामना मन्तब्यकै क्रममा बिज्ञान शिक्षक समाज मकवानपुरका जिल्ला अध्यक्ष खेमराज लामिछानेले समाज विसुद्द पेसागत संगठन तथा जिम्मेवारी भएको विषयगत संस्था भएको बताउदै मकवानपुर का दसवटै पालिकामा कार्यसमिती चयन गरेपछी बिज्ञान शिक्षण सिकाइको उपलब्धिमा काम गर्ने तथा पेसागत क्षमता अभिवृद्धि, शिक्षकमा र विद्यार्थीहरूलाई तथ्यमा आधारित भएर अध्ययन गराउनु उद्देश्य रहेको बताउँदै बिज्ञहरूबाट शिक्षकलाई पाठ्य सामाग्री अध्ययन तालिमको ब्यबस्था पालिकाले गर्नुपर्नेमा जोड दिए ।

# थाहा नगरपालिकाकाको वार्षिक समिक्षा सम्पन्न

◆ विकास संवाददाता

मकवानपुर थाहा नगरपालिकाले आर्थिक वर्ष २०७८/०७९ मा संचालन गरेको विकास योजना तथा सेवा प्रवाहको विषयमा वार्षिक समिक्षा कार्यक्रम गरेको छ । थाहा नगरपालिकाले २४ भाद्रमा नयाँगाउँस्थित पाइनस होटलमा वार्षिक समिक्षा कार्यक्रमको आयोजना भएको हो ।

थाहानगर प्रमुख विष्णु विष्टको अध्यक्षतामा भएको कार्यक्रममा नगर उपप्रमुख भरत गोपाली तथा प्रमुख प्रशासकीय अधिकृत होमनाथ काफ्ले, वडा अध्यक्षहरू तथा महाशाखा र शाखा प्रमुखहरू तथा पत्रकारहरूको उपस्थिती रहेको थियो । कार्यक्रममा नगरपालिकाको वित्तिय प्रतिवेदन लेखा अधिकृत हरि बहादुर खपाङ्गी मगर, प्रशासन महाशाखा प्रमुख अजित घिमिरे, योजना सम्बन्धी योजना महाशाखा प्रमुख डम्बर बहादुर विश्वकर्मा, सामाजिक विकासको अनिल लामिछाने, कृषि सम्बन्धी शाखा प्रमुख संजय तिवारी, पशु शाखाको राघवेन्द्र मिश्र, शिक्षा शाखाको माधव विक्रम मल्लले प्रस्तुतीकरण गरेका थिए ।



कार्यक्रममा अन्य शाखाहरूको पनि शाखा प्रमुख र सबै १२ वटै वडाको वडा सचिवहरूले वार्षिक कार्यक्रम र सेवा प्रवाहको विषयमा प्रस्तुतीकरण गरेका थिए । कार्यक्रममा नगर प्रमुख तथा उपप्रमुख र ५ नम्बर वडाध्यक्ष विष्णु बहादुर गुरूङले शुभकामना व्यक्त गरेका थिए ।

समिक्षा कार्यक्रममा प्रमुख प्रशासकीय अधिकृत होमनाथ काफ्लेले सबै शाखा र विषयगत शाखा र वडा कार्यालयहरूको प्रस्तुतीकरणका लागि धन्यवाद दिए । काफ्ले अब अर्ध वार्षिक समिक्षा समेत गरिने बताए । उनले समिक्षा कार्यक्रमले कतिपय सुधार गर्नुपर्ने पक्षलाई पनि औलयाउने भएकोले यस पालिका र वडाको काममा थप उर्जा दिने बताए । नगर प्रमुख विष्णु विष्टले समिक्षा पश्चात् पालिकाको विकासको अवस्था थाहा पाइने हुँदा उपलब्धीलाई संस्थागत गर्दै थप उपलब्धीका लागि योजना मद्दत गर्ने बताए ।

